# झिमरुक गाउँपालिका

# नीति तथा कार्यक्रम, २०७६/७७

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय मच्छी, प्यूठान

**झिमरुक गाउँपालिकाका अध्यक्ष श्री तिलक बहादुर जि.सी.ले मिति २०७६/३/१० गते झिमरुक गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष ०७६/७७ को झिमरुक गाउँपालिकाको नीति तथा कार्यक्रम**

**माननीय सभाका सदस्यज्यूहरु**

**आमन्त्रित राजनीतिक दलका प्रतिनिधिहरु, समाजसेवी वुद्धिजीवी व्यक्तिहरु, पत्रकार मित्रहरु, राष्ट्र सेवक कर्मचारी साथीहरु**

१ स्थानीय तहको गठन भएको तेस्रो वर्षमा झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले गरेका विभिन्न आन्दोलनलाई स्मरण गर्न चाहन्छु। विभिन्न कालखण्डमा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु ।

२ संघ, प्रदेश र स्थानीय तीनै तहको निर्वाचन सम्पन्न भइसकेको छ । सक्रमणकालको अन्त्यसँगै सबै प्रकारका भेदभावको अन्त्य गरी आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशिला खडा भएको छ ।

३ प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि, उर्जा पर्यटकीय एवं ऐतिहासिक दृष्टिले उत्कृष्ट रहेको झिमरुक गाउँपालिका साथै यस झिमरुक गाउँपालिकाभित्र कायम रहेको आपसी सदभाव, नैतिकता, उच्च राजनैतिक तथा सामाजिक चेतनाले सकरात्मक उर्जा प्रदान गरेको छ ।

४ स्रोत अनुमान तथा बजेट निर्धारण समितिवाट तयार भएको आयको प्रक्षेपण र वितरणको खाकामा आधारित भई नेपालको संविधानको धारा २३० मा भएको व्यवस्था वमोजिम झिमरुक गाउँपालिकाको वार्षिक बजेट तथा कायर्क्रम तर्जुमा गरिएको छ ।

**माननीय सदस्यज्यूहरु ,**

५ विशिष्ट परिस्थितिलाई मध्यनजर गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । झिमरुक गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार वजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

६ “हाम्रो झिमरुक राम्रो झिमरुक” भन्ने मूल ध्येय लिई समग्र झिमरुकको आर्थिक विकासको लागि यस आ.व. मा विनियोजन भएको बजेट प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको छ । यस झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन र सम्पूर्ण जनताको पहुँच पुराउनको लागि हाम्रो विकास नीति समतामूलक हुने छ । विकासलाई पहुँचका आधारमा नभै आवश्यकताको आधारमा अगाडि बढाइने छ ।

७ महिला, गरिब तथा पिछडा वर्गको उत्थानको लागि विशेष नीति अवलम्बन गरिने छ ।लक्षित वर्गको आयआर्जन अभिवृद्धि गर्नको लागि विभिन्न सीपमूलक तालिम प्रदान गरिने छ । “विपन्न वर्गको उत्थान, खरको छाना विस्थापन” नीति अनुरुप विपन्न वर्गहरूलाई जस्तापाता वितरण गर्नको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

८ झिमरुक गाउँपालिकावाट जेष्ठ नागरिक परिचय पत्र तथा अपाङ्ग परिचय पत्र वितरण कार्य शुरु गरिएको छ । उक्त कार्यलाई घुम्ति शिविर मार्फत वस्ती-वस्तीमा लगि जनताको नजिक सरकार रहेको अनुभुति दिलाईने छ ।

९ अव म झिमरुक गाउँपालिकाले आ.ब. २०७६।०७७ को नीति, कार्यक्रम तथा बजेटका प्राथमिकता निर्धारणका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

१० आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, राजस्व परिचालनमा योगदान पुऱ्याउने, सामाजिक न्याय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू तर्जुमा गरिने छ ।

११ कृषिको आधुनिकीरण र व्यवसायीकरणमा उच्च प्राथमिकता दिईने छ। एक वस्ती एक उत्पादन, माटो परीक्षण, कृषिको उत्पादनको आधारमा कृषकहरुलाई प्राविधिक र आर्थिक सहयोग गर्न, कृषि सामाग्री संकलन केन्द्रको व्यवस्थापन जस्ता नीतिहरू अवलम्बन गरिने छ ।कृषि तथा पशु पकेट क्षेत्र स्थापना गर्नको लागि प्रोत्साहन गरिने छ ।यसको साथै सबै वडाका खेतीयोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइने छ ।

१२ कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेती प्रणाली अवलम्वन गरिने छ ।

१३ फलफूल खेतीको पकेट क्षेत्र तोकी कागती सुन्तला अदुवा कफी किवी अमिला जातका फलफूल, मसला वाली तथा नगदे वालीलाई प्रवर्द्धन तथा विकास गरिने छ ।

१४ पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्न प्रोत्साहन गरिने छ । स्वस्थ्य तथा सफा पशुजन्य प्रदार्थ आपूर्तिको लागि प्रेरित गर्ने तथा आवश्यक सहयोग गरिने छ । पशुनश्ल सुधारको लागि प्राकृतिक गर्भधारणको लागि वोयर जातको वोका वितरण तथा कृत्रिम गर्भाधारणका आवश्यक तालिम तथा प्रविधि प्रयोगको लागि समेत आवश्यक व्यवस्था गरिने छ ।

१५ खसी वोका विक्रीको लागि गाउँपालिका अन्तर्गत हाटवजार सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

१६ वातावरणमा प्रतिकूल असर नपर्ने तथा बढी भन्दा बढी रोजगारी सृजना हुने र मौलिक बस्तु तथा सामाग्री उत्पादन गर्ने घरेलु उद्योगहरुलाई प्रोत्साहन गरिने नीति लिईने छ । यसका लागि उक्त प्रकृतिका उद्योगहरुको स्थापना, संचालन र बजार प्रर्वद्धन समेतका लागि सम्भाव्यता अध्ययनको कार्यमा शुरु गरिने छ ।

१७ यस गाउँपालिका क्षेत्रमा अवस्थित पर्यटकीय क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा पिकनिक स्पोर्ट, भ्यूटावर, पैदल मार्ग, होमस्टे संचालनलाई व्यवस्थित र विस्तार गर्ने नीति लिईने छ । धार्मिक पर्यटनको लागि धार्मिक महत्वका सम्बन्धमा आवश्यक क्षेत्रहरु पहिचान गरी प्रचार प्रसार गरी धार्मिक पर्यटनको प्रवर्द्धन गरिने छ । नेपाल सरकारले ढाँड रक गार्डेनलाई नेपालका घुम्नै पर्ने १०० स्थानहरु मध्ये एक महत्वपूर्ण पर्यटकीय स्थलको रुपमा छनौट गरेको हुनाले सो स्थलमा डिपिआर अनुसार आवश्यक संरचना निर्माण गरिने छ ।

१८ यस क्षेत्रमा स्थापना भई संचालनमा रहेका सहकारी संस्थाहरुलाई सहकारीको भावना तथा उद्देश्य अनुरुप संचालनका लागि आवश्यक नीति अवलम्वन गरिने छ ।

१९ गाउँपालिकाभित्र संचालित वित्तीय संस्थाहरुलाई गाउँपालिकामा दर्ता गराउने, दर्ता शुल्क लिने, वार्षिक कार्यक्रम पेश गर्न लगाउने तथा गाउँपालिका क्षेत्रभित्र शाखाहरु स्थापनाका लागि प्रोत्साहन गर्ने र सामाजिक उत्तरदायित्व वोध गराउन विभिन्न सामाजिक कार्य एवं युवा खेलकुदमा सहभागिता एवं संयुक्त कार्यक्रम आयोजनाको नीति अवलम्बन गरिने छ ।

२० शिक्षाको गुणस्तर वृद्धि गर्नको निमित्त शिक्षक दरवन्दी कम रहेका विद्यालयहरुलाई अनुदान रकमको व्यवस्था गरिएको छ ।

२१ गाउँपालिकाभित्रका सामुदायिक विधालयहरुमा SEE परिक्षामा प्रथम, द्धितीय, तृतीय स्थान हासिल गर्ने विधालय तथा विधार्थीहरुलाई पुरस्कृत गरिने छ ।

२२ गाउँपालिकाभित्रका सवै मा.वि. नि.मा.मा अध्ययनरत छात्राहरुको लागि नि शुल्क सेनेटरी प्याड उपलव्ध गराइने छ ।

२३ यस वर्षदेखि व्यवसायीक शिक्षालाई प्रवर्दन गर्नको निमित वालशिक्षा मा.वि. मच्छीमा प्राविधिक धार अन्तर्गत कक्षा ९ देखि १२ को इन्जिनियरिङ्ग विषय सञ्चालन गरिएको छ ।

२४ सामुदायिक विद्यायलको भौतिक संरचना सुधार तथा शैक्षिक गुणस्तर सुधार गर्नको लागि आवश्यक रकम विनियोजन गरिने छ। गुणस्तरीय पठनपाठनको लागि विद्यालयहरूसँग कार्य सम्पादन करार गरिने छ । साथै उत्कृष्ट सिकाई उपलब्ध हासिल गर्ने विद्यालयलाई विशेष प्रोत्साहन गरिने छ । संस्थागत विद्यालयहरूलाई आवश्यक नियमन गरिने छ ।

२५ गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका वडा नं. ३, ४ र ८ मा स्वास्थ्य चौकी स्थापनाको लागि आवश्यक पहल गरिने छ ।आगामी आ.व.०७६/०७७ मा वडा नं. ८ मा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सेवा संचालन गरिने छ ।

२६ ओखरकोट स्वास्थ्य चौकीमा सञ्चालित स्वास्थ्य ल्यावलाई निरन्तरता दिइने छ । निःशुल्क औषधीको लागि पर्याप्त वजेटको विनियोजन गरिने छ । मातृ तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य लगायत आधारभूत स्वास्थ्यको लागि आवश्यक बजेट तथा कार्यक्रमहरूको तर्जुमा गरिने छ । आयुर्वेदको गाउँघर क्लिनिक संचालन गर्ने नीति अवलम्वन गरिने छ।

२७ खानेपानीको श्रोत एवं मुहानहरुको पहिचान गरी संरक्षण, शुद्धताको परीक्षण गरिने छ। खानेपानी वितरण, विस्तारलाई अघि वढाई यस क्षेत्रमा निर्वाध रुपमा खानेपानीको वितरण हुने व्यवस्था मिलाईने छ। विभिन्न संघ संस्था, उपभोक्ता समिति, टोल विकास संस्था र निजी क्षेत्रहरुको परिचालन तथा सहकार्यमा सडक, टोल ,सार्वजनिक स्थल एवं नदी सरसफाईको नीति लिइने छ । जथाभावी फोहोर फ्याक्ने व्यक्ति तथा समुदायको लागि दण्ड तथा जरिवाना गरिने छ ।

२८ विभिन्न पर्वहरुलाई गौरवका साथ व्यवस्थित रुपमा संचालन, धार्मिक क्षेत्रहरुको मौलिकता तथा ऐतिहासिक महत्वको उजागर गरी यस क्षेत्रको संस्कृति प्रवर्द्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारणको नीति लिइने छ । परम्परागत पर्व तथा संस्कृति संरक्षणको लागि आवश्यक व्यवस्था गरिने छ ।

२९ **"झिमरुकको शान, लक्षित वर्गको सशक्तिकरण तथा सम्मान"** को नीति अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्बन्धित वर्गहरुको समानता एवं उत्थानका लागि सम्मान कार्यक्रम, चेतनामूलक कार्यक्रम, आयमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको संचालन गरी सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरुसंग साझेदारी गरी कार्य गरिने छ ।

३० यस गाउँपालिकाभित्रका मुख्य-मुख्य गौरवका आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरिने छ । सडक नै विकासको मूल आधार हो भन्ने मान्यतालाई अनुशरण गर्दै मुख्य सडकहरूको स्तरोन्नतीको लागि आवश्यक रकम विनियोजन गरिने छ ।

३१ गाउँपालिकाभित्र निर्माण भइरहेको बहुउद्देश्यीय भवन प्रयोगमा ल्याइने छ । बालबालिका तथा युवाहरूको लागि आवश्यक खेलकुद संरचनाको निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

३२ गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरु तथा सहरी क्षेत्रको विकास गर्न दक्ष प्राविधिकको सेवा परामर्श लिई कार्ययोजना निर्माण गरिने छ । यस क्षेत्रमा निर्माण हुने घरहरु भवन निर्माण मापदण्ड अनुरुप अनिवार्य नक्शा पास गरेर मात्र निर्माण गर्ने कार्यमा अनिवार्यता एवं प्रभावकारी अनुगमन गरिने छ ।

३३ बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग समन्वय गरी सौर्य सडक बत्ती, जडान तथा सौर्य उर्जालाई समेत प्राथमिकता दिने नीति लिइने छ ।

३४ यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहज सञ्चार पुऱ्याई सबैको पहुँचमा ईन्टरनेटको सुविधा पुऱ्याउन विभिन्न साझेदारको पहिचान गरी आवश्यक कार्य अगाडि बढाइने छ ।गाँउपालिकाका अन्तर्गतका सवै वडा कार्यलयहरुमा इन्टरनेट जडान गरिएकोमा त्यसलाई अझ द्रुत गतिमा चल्ने गराईने छ ।

३५ गाउँपालिकाभित्र रहेका सामुदायिक वन संरक्षण गरिने छ । सडक किनारमा हरियाली प्रवर्द्धन गर्न आवश्यक कार्यको शुरुवात गरिने छ । ठूला परियोजनाको निर्माण वातावरणीय

परीक्षण प्रणालीलाई कडाईका साथ अवलम्बन गरिने छ ।भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान दिइने छ ।

३६ दैवी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने जोखिम व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरूको व्यवस्थापन गरिने छ । साथै विपद् जोखिम न्यूनिकरण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

३७ पदाधिकारीहरू तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिने छ । सेवाप्रवाहलाई सूचना प्रविधिमैत्री बनाइने छ । पुरस्कार र दण्ड प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । गाउँपालिकालाई जीवन्त, आत्मनिर्भर र गतिशील संस्थाको रुपमा व्यवस्थित गर्न आवश्यक कदम चालिने छ ।

३८ सेवाग्राही गुनासो व्यवस्थापन गर्न गुनासो व्यवस्थापनका उपाय अवलम्बन गरिने छ ।लेखा प्रणालीलाई वढी विश्वसनीय र सूचनामुलक बनाइने छ । राजश्व अभिबृद्धि गर्ने दिशामा प्रभावकारी कदम चालिने छ । गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गरिने छ।

माननीय सभाका सदस्यज्यूहरु,

३९ पर्यटकीय क्षेत्रको विकास गर्न रक गार्डेनको डिपिआर तर्जुमा, तुषारा कोटघरमा सिढी निर्माण, ओखरकोट कोटघरमा सिढी निर्माण, गढीकोटमा आलमदेवी मन्दिर निर्माण, टिमुरचौको स्नाथान मन्दिरमा कम्पाउण्ड वाल निर्माण गरिएको छ । यस्ता क्षेत्रको विकास तथा विस्तार गर्ने नीतिलाई यस वर्षपनि निरन्तरता दिईएको छ ।

४० खेलकुद क्षेत्रको विकास गर्न नेपाने खेलमैदान, दियाल्ना खेलकुद मैदान, कोइलीखोला खेलकुद मैदान, पोखरचौर खेलमैदान, फुर्सेगैरा खेलमैदान लगायतका खेलकुद मैदान निर्माणको लागि यस आ.व.मा रकम विनियोजन गरी कार्यान्वयन गरिएकोमा आगामी आ.व. २०७६/०७७ मा पनि सो कार्यलाई निरन्तरता दिईएको छ ।

४१ प्रगतिशिल कर प्रणाली अवलम्वन गरिने छ । सम्पति करको लागि घरधुरी सर्वेक्षण गर्ने कार्यलाई अगाडि वढाइने छ ।

४२ कर अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित वनाउदै लगिने छ ।

४३ चिसापानी पिपलनेटा सिचाई कूलो निर्माणलाई निरन्तरता दिइने छ ।

४४ वृक्षारोपण, तटवन्ध, नदी नियन्त्रण तथा जलवायु अनुकुलनका कार्यक्रम कार्यान्वयन गरिने छ ।

४५ सार्वजनिक स्थलमा वर, पिपल र स्वामी तथा अन्य विरुवाहरु वृक्षरोपण गरी वातावरण संरक्षण कार्यलाई निरन्तरता दिइने छ ।

४६ सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणाली मार्फत वितरण गरिने कार्य सुरु गरिने छ ।

४७ देश तथा विदेशका सेवा प्रवाह सम्वन्धी अनुकरणीय अभ्यास अध्ययनका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिने छ ।

४८ प्रत्येक आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई योजना शुरु पूर्व अभिमुखीकरण तालिम र योजनाको अन्तमा अनिवार्य रुपमा खर्च सार्वजनिक गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ ।

४९ संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय जस्ता निकायहरुसँग समपुरक, लागत साझेदारीमा गाउँपालिकाको प्रशासकीय भवन , चिसापानी पिपलनेटा सिचाई कूलो, वडा कार्यालयहरु लगायत अन्य संरचनाहरु निर्माण गरिने छ ।

५० पसलहरुमा अनिवार्य मूल्य सूची राख्नु पर्ने व्यवस्था गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।

५१ स्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विषेश जोड दिइने छ ।

५२ समयमै काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत र काममा लाहापरवाही गर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने नीति अवलम्वन गरिने छ ।

५३ झिमरुक गाउँपालिकाको स्वामित्वमा हुने गरी अवश्यक जग्गा भाडामा लिई वहु-उदेश्यीय ईको सिस्टमवाट कृषि फर्म संचालन गरी कृषकहरुलाई तालिम समेत दिने गरी आवश्यक व्यवस्था मिलाईने छ ।

५४ गाउँपालिकाको प्रमुख प्रशासकीय भवन, चिसापानी पिपलनेटा सिचाई कूलो, गाउँपालिकाभित्रका वडा कार्यालयका भवनहरु, ढाड वादिकोट कमेरपानी मोटर वाटो, झिमरुक रिङरोड, मच्छी वोकेटारी हुदै पाकुरीरुख मो.वा, ढाडा गव्दी टिमुरचौर दिहाल्ना सडक स्तरउन्नती, थापाचौर वाखोर

वडाखोली मोटर वाटो स्तरउन्नती, आरुपाटा हिरापोखरी मोटरवाटो स्तरोन्नती, नेपाने खेलकुद मैदान निर्माण, सिस्नेरी सेरुङ्कारुख धर्केपहरा रिपापाखा तिल्हाल्ना खा.पा योजना, चुदाराफेदी चौके कन्दले मो.वा स्तरउन्नती, नव्वे थापाचौर कृषि सडक स्तरोन्नती , जावुने तल्लागाउँ पोखरा छेडा मोटर वाटो निर्माण, तुषारा कोटघर मर्मत तथा सिडी निर्माण लगायतका आयोजनाहरुलाई झिमरुक गाउँपालिकाका गौरवका योजना /आयोजना मानी रकम विनियोजन गरिने छ ।

**हाम्रो झिमरुक राम्रो झिमरुक हामी सवैको चाहना** हो । हामी यस चाहनालाई साकार पार्न राष्टसेवक कर्मचारी ,राजनीतिक दल, संचार जगत ,स्थानीय जन समुदाय, वुद्धिजिवी, समाजसेवी, नागरिक समाज, व्यवसायिक क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, शिक्षक, विद्यार्थी, सुरक्षा निकाय, उपभोक्ता समितिहरु, आमा समूह लगायत झिमरुकको विकास ,प्रगति तथा समृद्धिको लागि चिन्तन मनन गर्ने सम्पूर्ण झिमरुकवासीहरु सवैको सहयोग, सहकार्य र सहभागिता साथै महत्वपूर्ण भूमिकाको अपेक्षा राखेको छु ।

जय नेपाल, जय झिमरुक

धन्यवाद।

तिलक वहादु जि.सी.
अध्यक्ष